कचनकवल गाउँपालिका
Kachankawal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)
बनियानी, झापा
Baniyani, Jhapa

पत्र संख्या(Ref. No): २०८१/०८२
चलानी नं. (Dispatch No):...............-२०८१/०८२

कोशी प्रदेश, नेपाल
(Koshi Province, Nepal)

## विवरण पेश गर्ने सम्बन्धी सूचना।
## सूचना प्रकाशन मिति :- २०८१/०४/१० गते

प्रस्तुत विषयमा प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगरको च.नं. २८ मिति २०८१/०४/०७ गतेको पत्रानुसार स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १६ को खण्ड "ग" को उपखण्ड "३" बमोजिम "स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका बखत स्वीकृत दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी/ करार नियुक्त भई स्थानीय सरकार संचालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखत सम्म सेवामा अविछिन्न रुपमा कार्यरत रहेका र न्युनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी / करार कर्मचारीलाई मात्र यो ऐन प्रारम्भ भएपछी प्रदेश लोकसेवा आयोगबाट एक पटक सम्मको लागि त्यस्ता कर्मचारीहरु मात्र सहभागी हुन पाउने गरी विज्ञापन प्रकाशन गरिनेछ | उक्त विज्ञापनमा उम्मेदवार हुन त्यस्ता कर्मचारीलाई उमेर हद लाग्ने छैन |" भन्ने व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहमा स्वीकृत दरवन्दी र कर्मचारीको विवरण एकिन गरी दफा ४ बमोजिम अनुसूची १ अनुसारको ढाँचामा विवरण तयार गरी आयोगमा पठाउनको लागि उल्लेखित व्होराका कर्मचारीहरुको विवरण तयार गर्नका लागि तपसिल बमोजिम कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :-**

१. कर्मचारीको नाम, थर:-
२. सेवा/ समुह/ उपसमूह :-
३. तह :-
४. पद:-
५. सुरु नियुक्ति मिति :-
६. अस्थायी / करार :-
७. शैक्षिक योग्यता :-
८. दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम तोकिएको अवधिसम्म अविछिन्न रुपमा कार्यरत रहेको मिति :- देखि :- सम्म :-

**नोट :-**

निवेदन पेश गर्दा आफ्नो सुरु नियुक्ति पत्र, नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अन्य आवश्यक कागजात समेतको सक्कल देखाई सो को प्रतिलिपि पेश गर्नुपर्ने छ।

२०८१/०४/१०

सुभाष चन्द्र सुमन
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**
श्री सूचना प्रविधि शाखा,कचनकवल गाउँपालिका, झापा | (वेभसाइटमा अपलोड गर्नुहुन |)